# सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ४** **संख्या : १५** **मितिः बैशाख ३ गते, २०७७**

## भाग- २

### कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष, सिद्धार्थनगर संचालन सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना**

विश्व महामारीको रुपमा फैलिएको कोरोना भारइस (कोभिड १९) बाट नेपाल पनि प्रभावित हुन पुगेको छ । यसबाट सिर्जित विपद्लाई उन्मुक्ति पाउनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट बिभिन्न प्रयासहरु भई रहेका छन् । यस किसिमको महामारी फैलिएका विश्वका सबै मुलुक सहित हाम्रो देश नेपाल पनि ११ चैत्र २०७६ देखि लकडाउनको अवस्थामा छ। यसको रोकथाम, उपचार, प्रभावित व्यक्तिहरुलाई राहात वितरण लगायत तत्काल आइपर्ने कार्यहरु यथासम्भव तत्कालै संचालन गर्नुपर्ने अवस्था सिर्जना भएको छ। यसका लागि आवश्यक स्रोत जुटाउन तथा त्यसको परिचालन गरी तत्काल उद्धार र राहातका कार्यहरु संचालन गर्न सिद्धार्थनगर नगरपालिकाको मिति २०७६।१२।१३ गतेको निर्णय अनुसार छुट्टै **कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष, सिद्धार्थनगर** स्थापना गरी सबै संघ, संस्था, व्यक्तिहरुलाई सो कोषमा रकम जम्मा गरिदिन सार्वजनिक अपिल पनि गरेको छ ।

महालेखा नियन्त्रकको कार्यालयको मिति २०७६।१२।२७ को पत्रबाट स्थानीय तहमा कोरोना रोकथाम नियन्त्रण र उपचार कोष संचालनका लागि स्थानीय तह प्रकोप व्यवस्थापन कोष ग ७.२ खाता खोली सोबाट राहात सामग्री खरिद तथा वितरणका लागि आवश्यक रकम खर्च गर्ने गरी निर्देशन प्राप्त भएको छ । सोही निर्देशन बमोजिम नगरपालिकाको ग-५-४ प्रकोप व्यवस्थापन कोषमा रहेको रकम र नगर कार्यपालिकाको निर्णयानुसार स्थापना गरिएको **कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष, सिद्धार्थनगर**मा जम्मा भएको रकम सिद्धार्थनगरपालिकाको प्रकोप व्यवस्थापन कोष ग ७.२ खातामा जम्मा

गरी परिचालन गरिनेछ । सो प्रकोप व्यवस्थापन कोषमा जम्मा भएको रकम मध्येबाटै कोरोना रोकथाम नियन्त्रण र उपचारका कार्यक्रम र राहात वितरणका सम्पूर्ण कार्यक्रमहरु संचालन गरिनेछ ।

सिद्धार्थनगर नगरपालिकाको प्रकोप व्यवस्थापन कोष ग ७.२ खाताबाट नै कोरना भाइरसको संक्रमण, रोकथाम तथा उपचार गर्ने, राहात वितरण गर्ने कार्यमा खर्च हुने भएकोले कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार र राहात वितरण गर्ने प्रयोजनका लागि परिचालन गरिने कोषलाई नै **कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष, सिद्धार्थनगर** मानी सो कोषलाई व्यवस्थित गर्न सिद्धार्थनगर नगरपालिकाले विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ र सिद्धार्थनगर नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष, सिद्धार्थनगर** संचालन सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) “कार्यविधि” भन्नाले सिद्धार्थनगर नगरपालिकाले स्थापना गरेको कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष, सिद्धार्थनगर संचालन सम्बन्धी कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

(२) “नगरपालिका” भन्नाले सिद्धार्थनगर नगरपालिका सम्झनु पर्छ ।

(३) “नगर कार्यपालिका” भन्नाले सिद्धार्थनगर नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(४) “प्रमुख” भन्नाले सिद्धार्थनगर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(५) “उपप्रमुख” भन्नाले सिद्धार्थनगर नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(६) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सिद्धार्थनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(७) “वडा कार्यालय” भन्नाले सिद्धार्थनगर नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(८) “कोष” भन्नाले कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष, सिद्धार्थनगर सम्झनु पर्दछ ।

(९) “कार्य समिति” भन्नाले कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष, सिद्धार्थनगर लाई संचालन गर्न गठन भएको दफा ४ बमोजिमको समिती सम्झनु पर्दछ ।

**३. उद्देश्य :**

यस कार्यविधिको उद्देश्य कोरोना भाइरस (कोभिड १९) को रोकथाम, उपचार, क्वारेन्टाइन व्यवस्थापन, क्वारेन्टाइनमा बसेका र अलपत्र परेका व्यक्तिहरुलाई गन्तव्यसम्म पुर्‍याउन, राहात वितरणका लागि स्थापना भएको कोषलाई व्यवस्थित गरी सो क्षेत्रमा तत्कालै व्यवस्थापनका कार्यहरु संचालन गर्नु रहेको छ ।

## ४. कोष संचालन सम्बन्धी कार्य समिति

(१) कोषको व्यवस्थापन गर्नका लागि देहायको कार्यसमिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख, | संयोजक |
| (ख) उप प्रमुख, | सदस्य |
| (ग) नगरपालिकाका विपद् व्यवस्थापन समितिका संयोजक, | सदस्य |
| (घ) सिद्धार्थ उद्योग बाणिज्य संघका अध्यक्ष, | सदस्य |
| (ङ) उद्योग ब्यापार संघका रुपन्देहीका अध्यक्ष, | सदस्य |
| (च) अध्यक्ष नागरिक समाज सिद्धार्थनगर, | सदस्य |
| (छ) नगर कार्यपालिकाले तोकेका समाजसेवी, | सदस्य |
| (ज) नगर कार्यपालिकाले तोकेको समाजसेवी, | सदस्य |
| (झ) अध्यक्ष बैंकर्ष एसोसिएसन सिद्धार्थनगर, | सदस्य |
| (ञ) सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) कार्य समितिले आवश्यकता अनुसार वडाध्यक्षहरु र अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) कार्य समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ ।

(४) समितीले उप समिति वा टोली बनाइ कार्य बाँडफाँड तथा जिम्मेवारी हस्तान्तरण गर्न सक्नेछ

(५) समितिलाई सिद्धार्थनगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को परिच्छेद २ बमोजिमको नगर विपद् व्यवस्थापन समितिलाई भएको सम्पूर्ण अधिकार प्रत्यायोजन गरिएको छ ।

## ५. कार्य समितिका कार्यहरु

कार्य समितिका कार्यहरु देहाय बमोजिम रहेका छन् :

(१) कोषमा रकम जम्मा गर्नका लागि बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, व्यक्तिहरुसँग सार्वजनिक अपिल गर्ने । यसरी प्राप्त भएको रकम एकद्वार प्रणाली मार्फत खर्च गर्ने व्यवस्था मिलाउने ।

(२) कोषमा प्राप्त भएको रकम मध्ये कोरोना भाइरसको रोकथाम तथा उपचार, राहात वितरण, क्वारेन्टाइन व्यवस्थापन, अलपत्र परेका तथा क्वारेन्टाइनबाट घरमा जानेलाई गन्तव्यमा पुर्‍याउने, औषधी तथा अन्य मेडिकल सामग्री खरिद लगायत समितिले आवश्यक ठानेका क्षेत्रमा प्राथमिकता अनुसार रकम विनियोजन गर्ने र खर्च गर्ने प्रबन्ध मिलाउने ।

(३) राहात वितरणको मापदण्ड तयार गर्ने । वडा कार्यालयले तयार गरेको तथ्यांकका आधारमा राहात वितरणको लागि परिवार संख्या निर्धारण गर्ने ।

(४) क्वारेन्टाइन व्यवस्थापन र अन्य कार्यका लागि प्राप्त हुने जिन्सी सामग्रीहरु समेतलाई नगरको एकद्वार प्रणाली मार्फत जम्मा र खर्च गर्न लगाउने ।

(५) राहात वितरण, क्वारेन्टाइन व्यवस्थापन, रोगको रोकथाम तथा उपचारका कार्यहरुको नियमित अनुगमन गर्ने । सुधारका लागि सम्बन्धित पक्षहरुलाई निर्देशन दिने ।

(६) विपद्को कारण तत्काल सम्पादन गर्नुपर्ने अन्य कार्यहरुको नगरपालिका तहमा नेतृत्वदायी भूमिका खेल्ने ।

(७) कोषमा रकम अपुग भए नगरपालिका, लगायत अन्य निकायमा माग अनुरोध गर्ने ।

(८) नियमित रुपमा सम्पादित कार्यहरुको समिक्षा गर्ने । सम्बन्धित पक्षलाई आवश्यक निर्देशन  दिने
(९) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरु सम्पादन गर्ने ।

## ५. कोष व्यवस्थापन

(१) कोषमा देहाय बमोजिमको रकम रहने छ ।

(क) नगरपालिकाबाट प्राप्त रकम

(ख) प्रदेश सकारकाबाट प्राप्त रकम

(ग) संघीय सरकारबाट प्राप्त रकम

(घ) विभिन्न राष्ट्रिय तथा गैर सरकारी निकायहरुबाट प्राप्त रकम

(ङ) संघ संस्थाबाट प्राप्त रकम

(च) बिभिन्न व्यक्तिहरुबाट प्राप्त रकम

(छ) कोषमा प्राप्त हुने अन्य रकम ।

(२) कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखबाट हुनेछ ।

(३) कोषबाट कोरोना भाइरसको रोकथाम तथा उपचार, राहात वितरण, क्वारेन्टाइन व्यवस्थापन, आईसोलेशन व्यवस्थापन, होल्डिङ्ग सेन्टर व्यवस्थापन, अलपत्र परेका तथा क्वारेन्टाइनबाट घरमा जानेलाई गन्तव्यमा पुर्याउने, औषधी तथा अन्य मेडिकल सामग्री खरिद, स्वास्थ्यका कर्मचारीहरुका लागि क्वारेन्टाईन, आईसोलेशन र उपचार लागि खटिएको समयमा खाना, खाजा र आवासको व्यवस्थापन लगायत समितिले आवश्यक ठानेका क्षेत्रमा खर्च गरिनेछ ।

(४) कोषको रकम खर्च गर्दा हाल कोरोना भाइरसको संक्रमणबाट महामारी सिर्जना भइ विपद्को समय भएको, सोको कारण लामो समय लकडाउनको अवस्था रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (१)(घ३), दफा ६६ र सार्वजनिक खरिद नियमावलीको नियम १४५ को व्यवस्था बमोजिम विशेष परिस्थिती सिर्जना भएकोले सो समयमा आवश्यक पर्ने खरिद कार्य यसै कानूनी व्यवस्था बमोाजिम तत्काल गरी खर्च गरिनेछ ।

(५) कोषमा भएको आम्दानी र खर्चको नियमानुसार लेखा परीक्षण गरिनेछ ।

## ६ विविध

(१) यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु नगरपालिकाको प्रचलित कानून अनुसार हुनेछन् ।

(२) कार्यविधि स्वीकृत हुनु अगावै कोष अन्तरत भएका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(३) कोषका कामलाई प्रभावकारी बनाउन नगरपालिका र वडा कार्यालयबाट आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

(४) यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ

आज्ञाले:
तुल्सीराम मरासीनी
प्रमुख प्रशासकीय अधिकृत